# हरिहरपुरगढी गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

भन्भने, सिन्धुली
बागमती प्रदेश, नेपाल

प. सं. २०७६।०७७
च. नं: १४८२

मिति:२०७७।०२।२८

श्री सबै तहका सामुदायिक/संस्थागत विधालयहरु
हरिहरपुरगढी गाँउपालिका,सिन्धुली।

विषय: विधुतीय एकिकृत विधालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली(Electronic School level IEMIS)को तथ्याङ्क अध्यावधिकरण र व्यवस्थापन सम्बन्धि जानकारी ।

प्रस्तुत विषयमा विगत केहि वर्षदेखि विधालय तहको शिक्षासँग सम्बन्धित सबै प्रकारका सूचनाहरु शैक्षिक सत्र शुरु भएसँगै अध्याबधिक र व्यवस्थापन गरिदैं आएकोमा यस वर्ष COVID 19 को प्रकोप र जोखिमको कारण शैक्षिक सत्र शुरु भएको २ महिना पुरा भैसक्दा पनि उक्त कार्य विधालयहरुले गर्न सकिरहेका छैनन। COVID 19 को प्रकोप र जोखिमको कारण नयाँ शैक्षिक सत्र २०७७ को बारेमा हालसम्म निर्णय हुन नसकेको अवस्था भए तापनि शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७७।०२।२५ को निर्णय अनुसार विधुतिय एकिकृत विधालय शैक्षिक सूचना व्यवस्थापन प्रणाली(Excel based को Electronic School level IEMIS)को व्यवस्थापनका लागि भौतिक दुरीका साथै अन्य सुरक्षाका उपायहरु अपनाई प्रत्येक विधालयले सिमित जनशक्तिको प्रयोग गरी विधालयसँग सम्बन्धित अधिलेखहरुमध्ये हाललाई निम्न अधिलेखहरु अध्यावधिक गर्न गराउनुहुन अनुरोध छ।साथै यसो गर्दा ९०%कार्य सम्पन्न हुने र चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्ना खुलेपछि उक्त विवरणमात्र Entry/Add गरे पुग्ने साथै Web Portal: iemis.doe.gov.np मा तुरुन्तै Upload गराउन सकिने व्यहोरा जानकारी गराइन्छ।

हाल चालु शैक्षिक सत्र २०७७ को नयाँ भर्ना शुरु नभएकाले हरिहरपुरगढी गाउँपालिका अन्तर्गतका सबै प्रकार (सामुदायिक, संस्थागत, धार्मिक र अन्य प्रकृतिका विधालयहरु) र तहका (प्रारिम्भक बालविकास कक्षा देखि कक्षा १२ सम्म सन्चालित विधालयहरु)विधालयहरुले आ-आफ्नो विधालयकको विधुतीय एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (Excel based को Electronic School level IEMIS )File मा गत शैक्षिक सत्र २०७६मा व्यवस्था गरिएका निम्न तथ्याङ्क एवम् सूचनाहरुलाई Update (अध्यावधिक)गर्ने:

- आ-आफ्नो विधालयको IEMIS File Update गर्दा Year set २०७७ बनाउने,

सुनेश अधिकारी
शिक्षा अधिकृत

- शै.स.२०७६ को कक्षागत विधार्थीहरुको विवरण (कक्षा उत्तिर्ण, कक्षा दोह्याउने, कक्षा छाड्ने, बार्षिक हाजिरी दिन आदि विवरणहरु)अध्यावधिक गर्ने(कक्षा १० र १२ बाहेक अरु सबै कक्षा)
- शै.स.२०७६ को कक्षागत परीक्षा र विधार्थीहरुको प्राप्ताङ्‌ विवरणको Entry र अध्यावधिक गर्ने,
- शै.स.२०७६ को कक्षागत छात्रवृत्ति विवरण अध्यावधिक गर्ने,
- हाल विधालयमा रहेको अधिलेख अनुसार शै.स.२०७६ सालको सबै प्रकार र तहका शिक्षकहरुको पूर्ण विवरण अध्यावधिक गर्ने,
- हाल विधालयमा रहेको अधिलेख अनुसार शै.स.२०७६ सालको सबै प्रकारका विधालय कर्मचारीहरुको पूर्ण विवरण अध्यावधिक गर्ने,
- हाल विधालयमा रहेको अधिलेख अनुसार शै.स.२०७६ सालको सबै प्रकारको भौतिक विवरण अध्यावधिक गर्ने, र
- हाल विधालयमा रहेको अधिलेख अनुसार शै.स.२०७६ सालको विविधमा रहेको सबै विवरण अध्यावधिक गर्ने, र
- आफ्नो विधालयको विवरण पूर्ण छ/छैन राम्रोसँग रुजु गर्ने र IEMIS File "save"गरी राख्ने।

माथि उल्लेखित कार्यहरु सम्पन्न गरेपछि विधालयले आफ्नो विधालयको IEMIS File शिक्षा तथा मानव श्रोत विकास केन्द्रको मिति २०७७।०२।२५ को निर्णय अनुसार मिति २०७७।०३।१५ देखि शिक्षा तथा मानव श्रोत विकास केन्द्रको Web Portal: iemis.doe.gov.np मा Upload गर्न गराउन सक्ने छन्।

नोट: Web Portal: iemis.doe.gov.np मा Upload गर्नुपूर्व प्रत्येक विधालयले **"यस विधालयको IEMIS File मा भरिएका सम्पूर्ण विवरणहरु विधालयमा रहेको वास्तविक अभिलेखका आधारमा सही रुपमा प्रस्तुत गरिएका छन् भनी प्रमाणित गर्दछौं।सोमा फरक परेमा मुलुमी अपराध संहिता ऐन किर्ते जालसाँझीको महलको साथै अन्य प्रचलित कानुन बमोजिम कारवाही सहुँला बुझाँउला** " भन्ने व्यहोराको पत्र अनिवार्य रुपले लेखि पठाउने।

सुनेश अधिकारी
शिक्षा अधिकृत